# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ८] काठमाडौं आश्विन ६ गते २०१५ साल [संख्या २४

## कानून तथा संसदीय प्रवन्धमन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको श्री ५ को सरकार (कार्यविभाजन) नियमहरू २०१५ सर्वसाधारण जनताको जानकारीको निमित्त प्रकाशित गरिएकोछ ।

## श्री ५ को सरकार (कार्यविभाजन) नियमहरू २०१५

नेपाल अन्तरीम शासन विधानको दफा २६ ले दिएको अधिकार तथा त्यस सम्वन्धमा प्राप्त अरू सबै अधिकारको प्रयोग गरी र सो बिषयमा यस अघि भएको नियम सवाल र आदेश खारेज गरी श्री ५ को सरकारले सरकारी कार्यको विभाजनकोनिमित्त देहायका नियमहरू बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यी नियमहरूको नाम श्री ५ को सरकार (कार्य-विभाजन) नियमहरू, २०१५ रहेकोछ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागमा यी नियमहरूमा—

(क) "सचिव" भन्नाले मुख्य सचिवसमेत जनाउँछ ।

(ख) "मन्त्रालय" वा "सचिवालय" भन्नाले मुख्य सचिवको विभागसमेत जनाउँछ ।

३. मन्त्रालयहरू:- (१) सरकारी कार्यहरूको सम्पादन पहिलो अनुसूचीमा तोकिएबमोजिमका मंत्रालयहरूमा गरिनेछ ।

(२) त्यस्तो हरेक मंत्रालयमा एक सचिव मुख्य अफिसरका रूपमा रहनेछन् र निजलाई मद्दत गर्न सरकारबाट समय समयमा तोकेबमोजिमका अरू अफिसरहरू निजको अधीनमा रहनेछन् ।

तर श्री ५ को सरकारले एक अफिसरलाई एकभन्दा बढी मंत्रालयहरूको सचिव पदमा नियुक्त गर्नसक्नेछ ।

४. कामका विषयहरूको बाँडफाँटः- मन्त्रालयहरूमा विषयहरूको बाँड फाँट दोस्रो अनुसूचीमा तोकिएबमोजिम हुनेछ ।

तर श्री ५ को सरकारले आदेश जारी गरी कुनै एक मन्त्रालयलाई तोकिएको कुनै वा सबै विषयको काम अर्को कुनै मन्त्रालयले गर्ने व्यवस्था गर्न सक्नेछ ।

५. मंत्रीहरूमा विभागहरूको विभाजनः- एउटा मन्त्रीलाई एक वा एक भन्दा बढी मन्त्रालयहरूको अख्तियार दिई मन्त्रिमंडलले वा मंत्रिपरिषद्ले मन्त्रीहरूमा सरकारी कामको विभाजन गर्नसक्नेछ ।

तर बिरामी भई वा काठमाडौं बाहिर भएको कारणबाट वा अन्य कुनै कारणले कुनै मन्त्री धेरै दिनसम्म आफ्नो काम कर्तव्यमा उपस्थित हुन असमर्थ भएमा निजको काम प्रधानमन्त्री वा मन्त्रिपरिषद्को अध्यक्षले स्वयं वा निजले तोकेको कुनै अर्को मन्त्रीले गर्नेछन् ।

## अनुसूची १

### मन्त्रालयहरूको नाम

१. गृहमन्त्रालय ।
२. परराष्ट्र मन्त्रालय ।
३. रक्षामन्त्रालय ।
४. अर्थमन्त्रालय ।

228

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५· उद्योग तथा वाणिज्य मन्त्रालय।
६· निर्माण तथा संचार मंत्रालय।
७. शिक्षा, स्वास्थ्य तथा स्थानीय स्वायत्त शासन मंत्रालय।
८. खाद्य, कृषि नहर तथा वन मंत्रालय।
९· कानून तथा संसदीय प्रबन्ध मन्त्रालय।
१०· मुख्य सचिवको विभाग।

## अनुसूची २

१· गृहमंत्रालय

१. शान्ति सुव्यवस्था र शुनक्षेक।
२· पुलिस।
३· जेलखाना।
४· (क) गुप्तचर विभाग र
(ख) सेन्सर गर्ने काम।
५· निजामती सेवा ऐन र सो ऐन अन्तरगत का नियमहरू।
६. जिल्ला प्रशासन।
७. कर्मचारी प्रशिक्षण केन्द्र।
८. कोशी योजना।
९· सार्वजनिक बिदाको घोषणा।
१०. लोक सेवा आयोग (प. स.क·)
११· हातहतियार र खरखजानाको लाइसेन्स।
१२. विदेशी नागरिकहरूलाई नेपालबाट देश निकाला गर्ने।
१३. नागरिकता कृत्रिम नागरिकता तथा विदेशीहरु।
१४· छापाखाना सम्बन्धी ऐन, कानून, अवाञ्छनीय साहित्य प्रकाशन माथि नियन्त्रण।
१५. सूचना तथा प्रसार (ब्रडकाष्टिङ्ग) प्रचार, सरकारी छापाखाना र समाचारपत्र।
१६· आप्रवासन।
१७. नेपाल भित्रको तीर्थस्थान र तीर्थ यात्रीहरू।
१८. प्रवासन।
१९. हाट, बजार र मेला।

225

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. कल्याण धन र बेवारिसी धन ( ट्रिजरट्रोभ )
२१. चिट्ठा, जुवा र बाजीको नियन्त्रण ।
२२. मनोरञ्जन सम्बन्धी लाइसेन्स र नियन्त्रण ।
२३. असमर्थ तथा बेकारी व्यक्तिलाई सहायता ।
२४. धन सम्पत्ति ग्रहण र अधिग्रहण ।
२५. सवारी नियन्त्रण ।
२६. भट्टी र होटेलको नियन्त्रण ।
२७. दैवी प्रकोप सहायता ।
२८. पुनर्वास ।
२९. संघ, संस्था ।
३०. चित्ता र च्यानकास्थान ।
३१. नेपाल प्रशासन सेवा ।
३२. नेपाल न्याय सेवा
३३. न्याय प्रशासन ।
३४. सर्वोच्च अदालत सम्बन्धी काम ।
३५. सरकारी प्रकाशन ।
३६. काञ्जीहाउस ।
३७. अरू कुन मन्त्रालयको निमित्त किटानसाथ नतोकिएका कुनै काम ।
३८. प्रशासकीय व्यवस्था ( ओ. एण्ड. एम. आफिस )

२. परराष्ट्र मन्त्रालय

१. परराष्ट्र नीति ।
२. विदेशी राष्ट्रहरूसग सम्बन्ध ।
३. नेपाल स्थित विदेशी मिशनहरू ।
४. वैदेशिक प्रचार ।
५. कूटनैतिक, वाणिज्य द्वितीय तथा व्यापारिक प्रतिनिधित्व ।
६. प्रोटोकोल ।
७. विदेशी मुलुकको निमित्त राहदानी र पासपोर्ट (गृहमन्त्रालय संग परामर्श गरी)
८. संयुक्त राष्ट्र संघ ।
९. अन्तर्राष्ट्रिय संघ संस्थाहरूको सदस्यता ।
१०. सीमानासम्बन्धी प्रश्न ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

११, अतिथि सत्कार विभाग ।

१२. भारतीय र बृटिश फौजमा रहेका गोरखा जवानहरूलाई दिइने पेन्सन र तकमा ।

१३. विदेशी मुलुकहरूबाट अभियुक्त र अपराधीहरूको सपुर्दगी, तथा सपुर्दगी ऐन र नियमहरूको सामान्य प्रशासन ( गृहमन्त्रालयसँग परामर्श गरी )

१४. नेपाल वैदेशिक सेवा

१५. विदेशी व्यांकसँगको लेखापढी (अर्को व्यवस्था नभएसम्म)

१६. भारतीय अन्तःशुल्क र भंसार महसूल बापतको रूपैयाँ नेपाल सरकारका एकाउण्टमा जम्मा गराउने लेखापढी (अर्को व्यवस्था नभएसम्म)।

१७. हातहतियार झिकाउन, भारत लान इत्यादिको लाइसेन्सको लेखापढी ।

१८. अक्सेशन सर्टिफिकेट, पावर अफ एटर्नी, एटेष्टेशन, नो अबजेक्शन सर्टिफिकेट ।

१९. कोटाका सामान ।

२०. नेपाल आउने पर्वतारोही दल, अनुसन्धान दल, इत्यादिलाई इजाजत ।

२१. बिदेशी छात्रवृत्ति प्राप्त गर्नेकोलागि लेखापढी ।

२२. विदेशमा हुने सम्मेलनमा सरकारबाट भाग लिने सम्बन्धी कुराहरू ।

२३. स्टक सर्टिफिकेट, इण्टरेष्ट वारन्टको रुपयां विषयको लेखापढी र अर्को व्यवस्था नभएसम्म ।

२४. बृटिश र भारत सरकारबाट हाम्रो पुलिस र मिलिटरिहरूको निमित्त हातहतियार खजाना र माल सामान झिकाउने काम ।

२५. सरकारीस्तरमा गरिने निकासी पैठारीको लेखापढी ।

२६. नेपाली एवं भारतीय नागरिकहरूको पारस्परिक सरकार वा व्यक्ति माथिको दाबा ।

## २ रक्षा मन्त्रालय

१. रक्षा नीति ।

२. नेपाल सेनाको गठन र नियन्त्रण ।

३. फौजी अफिसर र जवानहरूको अनुशासन, र सेवाको शर्त ।

४. सैनिक गठन ।

५. सैनिक तालीम ।

६. सेनाको लागि सुविधा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. नेपाल सेना सम्बन्धी कानून।
८. सैनिक कारवाई सेनाको गतिविधि, इत्यादि।
९. सैनिक हातहतियार र सामग्रीको खरीद र उत्पादन।
१०. सिलखाना।
११. सैनिक व्यवस्थापन (इंस्टालेशन) सचार।
१२. सैनिक भण्डार (स्टोर)
१३. सैनिक गुप्तचर विभाग।
१४. सैनिक अस्पतालहरू र सैनिक ब्यारेक तथा कार्यालयहरूको व्यवस्था।
१५. निजामती प्रशासनलाई सहायता।

## ४. अर्थमन्त्रालय

१. आर्थिक नीति।
२. प्रचलित मुद्रा।
३. मुद्राङ्कन टक्सार।
४. अन्तराष्ट्रिय आर्थिक तथा बैंकिंग संस्थाहरू।
५. विदेशी मुलुकहरूसंग आर्थिक सम्बन्ध र व्यवहार।
६. विदेशी मुद्रा विनियम नियन्त्रण।
७. बंकिंग तथा इन्स्योरेन्स।
८. राष्ट्र बैंक।
९. बजेट।
१०. सार्वजनिक ऋण।
११. भंसार र अन्तःशुल्क।
१२. मादक पदार्थको उत्पादन, तयारी, परिवहन र बिक्री माथि नियन्त्रण।
१३. आयकर।
१४. विविध करहरू।
१५. सबै सेवाहरूको तलब र भत्ता भ्रमण भत्ता र दैनिक भत्ता, पेन्सन तथा सम्बन्धित अरू आर्थिक कुराहरू।
१६. आर्थिक नियमहरू।
१७. सरकारी कोषको प्रशासन।
१८. मालपोत तथा भूमि कर।
१९. रेमेन्यू, स्टेम्प र लिफा दस्तूर।
२०. रजिष्ट्रेशन।

४२८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. गुठीहरू ।
२२. सर्भे तथा नापी ।
२३ तथ्याँक संकलन र जनगणना ।
२४. बिर्ता सम्बन्धी विषय ।
२५. बिदेशी सहायता ( परराष्ट्र मन्त्रालयसंग परामर्श गरी )

५ उद्योग वाणिज्य मन्त्रालय

१. घरेलु उद्योगहरू ।
२. सरकारी उद्योगहरूको प्रशासन ।
३. औद्योगिक नियन्त्रण ।
४. नाप तौल ।
५. विदेशी व्यापार, निकासी पैटारी सम्वन्धी नीति ।
६. उद्योग र वाणिज्य सम्बन्धी नीति ।
७. औद्योगिक र व्यापारिक मिशनहरू (परराष्ट्र मन्त्रालयसंग परामर्श गरी)
८. उद्योग वा वाणिज्य सन्धि र अन्तरराष्ट्रिय उद्योग वाणिज्य सम्झौता ( परराष्ट्र तथा कानून मन्त्रालसग परामर्श गरी )
९. खानी र खनीज पदार्थ ।
१० औद्योगिक अन्वेषण र अनुसन्धान र सर्भे ।
११. कम्पनी कानून ( कानून मन्त्रालयसंग परामर्श गरी )
१२. श्रमनिती तथा तत्सम्बन्धी कानून (कानून मन्त्रालयसंग परामर्श गरी)
१३. व्यापारिक चिन्ह र पेटेण्टहरू (ट्रेडमार्क र पेटेण्ट)
१४. सेण्ट्रल पर्चेज ।
१५. सिभिल सप्लाईज ।
१६. औद्योगिक संघ, व्यापारीसघ तथा कमसंघ ।
१७. औद्योगिक शिल्पालय र तालीम ।

६. निर्माण तथा संचार मन्त्रालय

१. नयाँ निर्माण कार्यहरू, सडक, पुल र भवनहरू इत्यादिको निर्माण ।
२. सरकारी सडक पुलहरू र भवनहरू इत्यादिको मरमत गर्ने र संरक्षण गर्ने ।
३. (लघुसिञ्चाई सम्झौता अन्तरगतका तत्सम्बन्धी विषयहरू वाहेक) पानीअड्डा तथा खाने पानीको व्यवस्था र वितरण ( अर्को व्यबस्था नभएसम्म )


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. विद्युत शक्ति र बहुमुखी योजनाहरू।
५. रोप्वे।
६. यातायात (क) हवाई मार्ग (ख) रेल माग (ग) जल मार्ग (घ) सडक परीवहन
७ संचार, वायरलेस, टेलिग्राफ, डाँक इत्यादि।
८. नेपाल इन्जिनियरिङ्ग सेवा।
९. भ्रमण (टुरिज्म)

७. शिक्षा स्वास्थ्य तथा स्थानीय स्वायत्त शासन मन्त्रालय

१. साधारण, एकेडेमिक, प्राविधिक (टेकनिकल) र व्यावसायिक शिक्षा शिशु, प्रारम्भिक, माध्यमिक, उच्च र उच्चतर शिक्षा, प्रौढ शिक्षा, शिक्षण संस्था निरीक्षण र परीक्षा संचालन।
२ नेपाली साहित्य, कला र संस्कृतिको विकाश र प्रचार।
३. नेपाली एकेडेमिक संस्था।
४. छात्रवृत्ति।
(क) नेपाल सरकारबाट नेपालभित्र तथा बाहिर अध्ययन गर्न पाइने।
(ख) विदेशी सरकारबाट विदेशमा अध्ययन र तालीम निमित्त पाइने (परराष्ट्र मन्त्रालयसंग परामर्श गरी)
५. शैक्षिक, शैक्षणिक, सांस्कृतिक, र कलात्मक इत्यादि राष्ट्रिय र अन्तराष्ट्रिय संस्थाहरू।
६. सरकारी सग्रहालय।
(क) हस्तलिपि र मुद्रित पुस्तकका पुस्तकालयहरू।
(ख) म्यूजियम।
(ग) चिडियाखाना।
(घ) पुरातत्व संग्रह र संरक्षण।
७. प्रकाशन अधिकार (कापीराइट)
८. नेपाली भाषा प्रकाशिनी समिति र भाषानुवाद परिषद।
९. देहायमा लेखिएका संस्थाहरूको प्रशासन र नियन्त्रण तथा तिनीहरू सम्बन्धी नीति (क) नगरपालिका (ख) ग्रामपंचायत (ग) जिल्ला पंचायत।
१०. ग्राम र सहर योजना।
११. अर्थमन्त्रालयले उठाउने गरेको बाहेक अरू स्थानीय करहरू।
१२. वाहनयन्त्र।
१३. सुघर सफाई।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. जन्म मरणको दर्ता।
१५. सार्वजनिक स्वास्थ्य।
१६. अस्पताल र स्वास्थ्यनिवास।
१७. आयुर्वेदीय औषधालयहरू।
१८. होमियो प्याथिक, यूनानी र एलोप्याथिक डिस्पेन्सर हरू
१९. स्वास्थ्य सम्बन्धी अन्तरराष्ट्रिय संस्थाहरू (परराष्ट्र मन्त्रालय सँग परामर्श गरी)
२० चिकित्सकहरूको दर्ता।
२१. चिकित्सा र सुश्रुसा सम्बन्धी शिक्षालयहरू।
२२. आयुर्वेदीय औषधीको निर्माण र बिक्री।
२३. नेपाल शिक्षा सेवा।
२४. नेपाल स्वास्थ्य सेवा।

८. खाद्य, कृषि नहर तथा बन मन्त्रालय

१. खाद्य, कृषि नहर तथा वन सम्बन्धी नीति।
२. सरकारी र गैर सरकारी बन क्षेत्रको सर्भे, नाप, नक्सा र सीमा निर्धारण
३. वन संरक्षण, वन जंगल लाउने र बन जंगलको उपभोग।
४. जडिबुटी र बनको अरू उत्पादन।
५ वन उद्योग।
६. लकडीको ठेक्का।
७. खाद्य, कृषि नहर तथा वन सम्बन्धी अनुसन्धान तथा अन्वेषण।
८. खाद्य, कृषि नहर तथा बन सम्बन्धी तालीम र तालीम केन्द्र।
९. अनिकालग्रस्त क्षेत्रहरूमा सहायता पुऱ्याउने।
१०. खाद्यान्नको उपलब्धि खरीद बिक्री र वितरण।
११. हाल आवादी।
१२. सार्वजनिक गौशाला।
१३. मत्स्य पालन, पशु पालन तथा पोल्ट्री-फाराम।
१४. सहकारी समितिहरू।
१५. कृषकहरूलाई ऋण तथा तकावी।
१६, सिंचाई।
१७. नहरको निर्माण प्रशासन र व्यवस्था।
१८. नेपाल कृषि सेवा।
१ . नेपाल बन सेवा।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२० भूमि सुधार ।
२१, राष्ट्री योजना ।
२२. ग्राम विकाश ।
२३. लघु सिंचाई सम्झौता अन्तर्गतका विषय ।

९. कानून तथा संसदीय प्रबन्ध मन्त्रालय

१. देवानी तथा फौजदारी कानून तथा अदालती कार्यविधि ।
२. वकिली पेशा ।
३. सरकारी वकिलहरू ।
४. कानून अफिसरहरू ( ल अफिसर )
५. सरकारी मामिलाहरूमा कारवाई तथा वकिलहरूलाई सल्लाह ( ब्रिफगर्ने )
६. ऐन तथा ऐन अन्तर्गतका नियम र आदेशहरूको तर्जुमा र जाँच ।
७. कानूनको प्रकाशन ।
८. नेपाल गजेटको सम्पादन ।
९. मन्त्रालयहरूलाई कानूनी विषयमा राय सल्लाह ।
१०. कानून संग्रह गर्ने र आधुनिक ढाँचामा ढाल्ने (ल कमिशन)
११. निर्वाचन (निर्वाचन कमिशन)
१२. संसदीय प्रबन्ध ।
१३. अरू कुनै मन्त्रालयमा नपरेको विषयमा कानून बनाउने ।
१४. पट्टा कबुलियत संझौता समेत सरकारिया लिखतको मसौदाको तर्जुमा र जांच ।

१०. मुख्य सचिवको विभाग

१. मन्त्रिमण्डल सम्बन्धी काम ।
२. सचिवालयको निमित्त केन्द्रीय मसलन्द भण्डारको व्यवस्था ( अर्को व्यवस्था नभएसम्म)
३. उपत्यकामा रहेको सरकारी मोटर (अर्को व्यवस्था नभएसम्म)
४. सचिवालयभवनको उपयोग र रेखदेख (अर्को व्यवस्था नभएसम्म)
५. सरकारी कर्मचारी उपर रेखदेख ।
६. मन्त्रालयको कामको समन्वय गराउने ।

आज्ञाले—
नयनबहादुर खत्री क्षेत्री
सचिव—कानून तथा संसदीय प्रबन्धमन्त्रालय

गोरखापत्र छापाखानामा मुद्रित ।

232

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।